जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




वर्ष १३ • अंक १५३ • २०८२ चैत्र ११ गते बुधवार • 25 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेशबाट साढे ८७ हजार विद्यार्थी एसइई परीक्षामा सहभागी हुँदै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० चैत्र**

यही चैत १९ गतेबाट सुरु हुन लागेको एसइई परीक्षा-२०८२ मा मधेश प्रदेशबाट ८७ हजार पाँच सय ९१ जना विद्यार्थी सहभागी हुने भएका छन् । आठ जिल्लामध्ये धनुषाबाट सबैभन्दा बढी विद्यार्थी एसइईमा सहभागी हुने छन् । धनुषाका दुई सय ३ विद्यालयका १३ हजार २ सय ६२ विद्यार्थी परीक्षामा सहभागी हुन लागेका छन् ।

सबैभन्दा कम विद्यार्थी सप्तरीबाट १ सय ६२ विद्यालयका नौ हजार २ सय ७६ विद्यार्थी परीक्षामा सहभागी हुन लागेको शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका निर्देशक महेन्द्र महतोले बताए । त्यस्तै, सिराहाबाट ११ हजार ३८, महोत्तरीबाट ११ हजार ३ सय ५१, सर्लाहीबाट ११ हजार ३ सय ७१, रौतहटबाट नौ हजार ७ सय ७७, बाराबाट १० हजार ८ सय १३ र पर्साबाट १० हजार ७ सय ३ विद्यार्थी सहभागी हुने निर्देशनालयले जनाएको छ ।



निर्देशनालयका अनुसार परीक्षाका लागि प्रदेशमा दुई सय ९९ वटा परीक्षा केन्द्र तोकिएको छ भने एक हजार ३ सय १६ विद्यालयका विद्यार्थी एसइई परीक्षा-२०८२ मा सहभागी हुने छन् ।

परीक्षालाई व्यवस्थित बनाउन २ सय ९९ जना केन्द्राध्यक्ष, ४ सय ३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २ सय ३५ जना निरीक्षक, ७ सय ३४ जना परीक्षा सहायक तथा एक हजार ६ सय ३ जना कार्यालय सहयोगी खटाइने तयारी रहेको निर्देशक महतोले बताए । परीक्षामा सुरक्षाको व्यवस्था सुदृढ बनाउन चार हजार ४ सय ८५ जना सुरक्षाकर्मी परिचालन गरिने भएको छ । निर्देशनालयको तथ्याङ्क अनुसार एसइई परीक्षा-२०८१ को तुलनामा यसवर्ष एक हजार २६७ विद्यार्थी कम छन् । यसअघि ८८ हजार ८ सय ५८ विद्यार्थी एसइई परीक्षामा सहभागी थिए ।

परीक्षाको तयारी अन्तिम चरणमा पुगेको बताउँदै निर्देशक महतोले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिमार्फत निरीक्षण तथा अनुगमन गरिने बताए । मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र लगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने तयारी गरिएको उनले थपे ।

यता, एसइई परीक्षा-२०८२ शान्तिपूर्ण र मर्यादित रुपमा सम्पन्न गर्न यही चैत १२ गते जनकपुरधाममा अभिमुखिकरण कार्यक्रम गरिने भएको छ । आठै जिल्लाका शिक्षा तथा समन्वय इकाईका प्रमुख लगायत सरोकारबालाहरुको सहभागीता रहने उक्त अभिमुखिकरण कार्यक्रममा परीक्षाको तयारीबारे जानकारी गराइने निर्देशक महतोले बताए ।


# विश्व क्षयरोग दिवसमा धनुषामा प्रभातफेरी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० चैत्र**

विश्व क्षयरोग दिवस धनुषासहित देशभरि मनाइएको छ । क्षयरोग दिवसको अवसरमा स्वास्थ्य कार्यालय धनुषाले हो १ हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान, हाम्रो योगदान भन्ने नाराका साथ जनकपुरधाममा मंगलबार बिहान प्रभातफेरी गरेको छ । प्रत्येक वर्ष मार्च २४ तारिखका दिन क्षयरोग दिवस मनाउने गरिएको हो ।

स्वास्थ्य कार्यालय धनुषाबाट सुरु भएको प्रभातफेरी प्रादेशिक अस्पताल हुँदै जानकी चोक, जनक चोक, शिवचोक लगायत नगरको विभिन्न भागको परिक्रमा गरेको थियो । स्वास्थ्य कार्यालय प्रमुख उमेश यादवको नेतृत्वमा निकालिएको प्रभातफेरीमा स्वास्थ्यकर्मी लगायत छात्राहरुको सहभागिता रहेको थियो । युएनडीपी र बाग्मती सेवा समाज, नेपालको सहयोगमा निकालिएको प्रभातफेरीमा स्वास्थ्य कार्यालय धनुषाका कर्मचारी सहित सहभागीहरुले क्षयरोग विरुद्धका विभिन्न नाराहरु लेखिएको प्लेकार्ड प्रदर्शन गरेका थिए । यस दिवसले क्षयरोग महामारीको अन्त्यका लागि गरिएका प्रतिबद्धता, प्रयास, तथा उपलब्धीलाई सम्झिने अवसर प्रदान गरेको स्वास्थ्य कार्यालय प्रमुख यादवले बताए । क्षयरोग विरुद्ध जनचेतना जगाउने, सरल र सहज उपचारको प्रबन्ध गराउने उद्देश्यका साथ क्षयरोग दिवस मनाउने गरिएको उनले बताए । तीन हप्ताभन्दा बढी खोकी, खकारमा रगत, सास फेर्न गाह्रो, तौल घट्ने, थकान बढी भएमा नजिकको स्वास्थ्य चौकीमा जाँच गर्नुपर्छ । यो रोगको निःशुल्क उपचार उपलब्ध छ । रोग प्रतिरोधी क्षमता कम भएका, चुरोट-रक्सी प्रयोग गर्ने वा औषधिको पूर्ण मात्रा नलिनेमा पुनः सङ्क्रमण हुन सक्छ । नियमित औषधि सेवनले रोग निको हुने चिकित्सकको भनाइ छ । नेपाल सरकारले सन् २०३५ सम्ममा क्षयरोग नियन्त्रण र सन् २०५० सम्म क्षयरोग उन्मूलन गर्ने लक्ष्य लिएको छ । क्षयरोग मानव जातिमा देखा परेका विभिन्न रोगहरुमध्ये सबैभन्दा पुरानो रोगमध्येमा पर्दछ । सन् १८८२ मार्च २४ का दिन डा. रोबर्ट कोचले क्षयरोगको कीटाणु पत्ता लगाएका थिए । यसपछि मात्र यो रोगकाबारे जनचासो बढेको र वैज्ञानिकहरूले थप अनुसन्धान गरेको पाइन्छ । यो रोग श्वासप्रश्वासको माध्यमबाट एक मानिसबाट अर्को मानिसमा सर्ने रोगको रुपमा परिभाषित छ । त्यसैले हालसम्म यसैलाई आधार मानेर यसको पहिचान निदान र उपचार भइरहेको छ ।




# वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

**वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# ई-रिक्सा चालकहरूको जीविकोपार्जनको महत्वपूर्ण आधार बन्दै गए पनि लाइसेन्स प्राप्ति प्रक्रिया जटिल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० चैत्र**




मधेश प्रदेशका विभिन्न शहरहरूमा सञ्चालन हुँदै आएका ई-रिक्सा चालकहरूको जीविकोपार्जनको महत्वपूर्ण आधार बन्दै गए पनि लाइसेन्स प्राप्ति प्रक्रियामा रहेको जटिलताले ठूलो समस्या सिर्जना गरेको भन्दै सहजीकरणको माग गरिएको छ।

नेपाल ई-रिक्सा मजदुर संगठन धनुषाले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै देशभित्र रोजगारीका अवसर सीमित भइरहेका बेला ई-रिक्साले स्वदेशमै रोजगारी सिर्जना गर्न उल्लेखनीय योगदान दिएको जनाएको छ। संगठनका अध्यक्ष विरेन्द्र महतोका अनुसार विद्युतबाट सञ्चालन हुने सिटी रिक्सा वातावरणमैत्री हुनुका साथै पेट्रोलियम पदार्थमा निर्भरता घटाउने र सर्वसाधारणलाई सस्तो तथा सहज यातायात सेवा प्रदान गर्ने माध्यम बनेको छ। उनले जनकपुरधाम र वीरगञ्जमा गरिएको एक सर्वेक्षण उद्धृत गर्दै करिब ८१ प्रतिशत सिटी रिक्सा चालकसँग सवारी चालक अनुमति पत्र नभएको जानकारी दिए। 'कायापलट' र 'विकल्प' नामक संस्थाले ३ सयभन्दा बढी चालकमा गरेको अध्ययनले अधिकांश चालकहरू लिखित परीक्षा पास गर्न नसक्दा लाइसेन्सबाट वञ्चित भएको देखाएको उनले बताए।

संगठनका अनुसार धेरै चालकहरू कम साक्षर भएका कारण ट्रायल परीक्षा पास गरे पनि लिखित परीक्षा उत्तीर्ण गर्न कठिनाइ भोगिरहेका छन्। लाइसेन्स अभावमा दुर्घटना हुँदा बीमा दाबी नपाउने, क्षतिपूर्ति तिर्न नसक्दा कानुनी झन्झटमा पर्ने र जेलसम्म जानुपर्ने जोखिमसमेत रहेको बताइएको छ।

उनीहरूले कोशी प्रदेशमा लागू गरिएको व्यवस्था उदाहरण दिँदै लिखित परीक्षा बिना अभिमुखीकरण तालिम र ट्रायलको आधारमा लाइसेन्स प्रदान गर्ने प्रणाली मधेशमा पनि लागू गर्न माग गरेका छन्।

# जलेश्वरको एक होटलमा प्रहरीद्वारा छापा



**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १० चैत्र**

महोत्तरीको जलेश्वरस्थित एक होटलमा प्रहरीले छापा मारेर यौनधन्दामा संलग्न रहेको आरोपमा होटल सञ्चालिकासहित चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले प्राप्त गोप्य सूचनाका आधारमा आइतबार दिउँसो जलेश्वर नगरपालिका-२ मटिहानी चोक नजिक सञ्चालित कोइराला होटल तथा लजमा छापा मारेको थियो।

छापामार कारबाहीका क्रममा प्रहरीले होटलका विभिन्न कोठामा दुई पीडित महिला र दुई भारतीय नागरिकलाई आपत्तिजनक अवस्थामा फेला पारेको जनाएको छ। कोठाहरूको खानतलासी गर्दा प्रयोग गरिएका तथा प्रयोग गर्न बाँकी अस्थायी सामग्रीहरू छरपष्ट अवस्थामा भेटिएको प्रहरीले जानकारी दिएको छ। पक्राउ पर्नेहरूमा भारत मधवापुरका २८ वर्षीय र मधुवनीका ३६ वर्षीय पुरुष रहेका छन्। यस्तै, जलेश्वर-२ का ६० वर्षीय एक पुरुष र ४५ वर्षीया होटल सञ्चालिकालाई पनि नियन्त्रणमा लिइएको छ।

प्रहरीका अनुसार होटल सञ्चालिकाले महिलाहरूलाई प्रलोभनमा पारेर जबरजस्ती यौनधन्दामा लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रगतिको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




## निगरानी हुन जरुरी

नेपालमा विभिन्न सरकारी निकायहरुमा निगरानीको अभावमा भ्रष्टाचार फ्रष्टाएको देखिन्छ। सार्वजनिक सेवा प्राप्त गर्न सहज गराउने उद्देश्यले कार्यालयमा नागरिक वडापत्र, सहायता कक्ष, सेवा सम्बन्धी आवश्यक जानकारीका साथै सेवा लिन भर्नुपर्ने फाराम, दिनुपर्ने निवेदनको ढाँचा उपलब्ध हुने गरेको देखिन्छ। साथै सेवा प्राप्त गर्नका लागि पेस गर्नुपर्ने कागजात, तिर्नुपर्ने शुल्क, दस्तुर लगायतका सेवाका प्रक्रियाका सम्बन्धमा जानकारी दिनका लागि संस्थागत वेबसाइट, सूचना पोर्टलको व्यवस्था गरिएको देखिन्छ। सार्वजनिक सेवा केन्द्रबाट यस्ता सूचना एवं सहयोगका आधारमा सेवाग्राहीले अतिरिक्त रकम नदिई आफ्नो काम आफैंले गर्न/गराउन सक्ने अवस्था कायम हुँदै गएका छन्, तर सेवाग्राहीले आफूले लिने सेवाबारे सामान्य जानकारी समेत नराख्ने, तोकिएका न्यूनतम प्रक्रिया समेत पूरा नगर्ने, बिचौलियाले कार्यालयबारे गर्ने नकारात्मक कुरामा विश्वास गर्ने, सहयोगका लागि कर्मचारीभन्दा बिचौलियामा भरपर्ने प्रवृत्तिले भ्रष्टाचारलाई सघाएको देखिन्छ। जनसम्पर्क बढी हुने प्रकृतिका कार्यालय मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगार कार्यालय, भन्सार कार्यालय, उद्योग व्यवसायसँग सम्बन्धित कार्यालय, नगरपालिका, गाउँपालिकाका कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग जस्ता निकायमा बिचौलियाको अनावश्यक उपस्थिति एवं कार्य प्रक्रियामा हस्तक्षेप हुने गरेको पाइने गरेका छन्। यस अवस्थामा स्वाभाविक रूपमा भ्रष्टाचारजन्य कार्य बढ्ने भएकाले यसतर्फ भ्रष्टाचार नियन्त्रणको नैतिक जिम्मेवारी भएका सम्बन्धित निकायको निगरानी जरुरी रहेको देखिन्छ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरू



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाइबाट बच्नुपर्दछ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरू अपनाऔं

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईंको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथुन: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: खानपानमा समस्या आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: विचार गरेर बोल्नुहोला
कुम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,
जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# विश्व राजनीतिमा किमको नयाँ चुनौती

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १० चैत्र



उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देशको आणविक स्थितिलाई 'अपरिवर्तनीय' घोषणा गर्दै आणविक कार्यक्रम कुनै पनि हालतमा नत्याग्ने स्पष्ट सन्देश दिएका छन् ।

सर्वोच्च जनसभामा नीतिगत सम्बोधन गर्दै उनले शत्रु शक्तिहरूका विरुद्ध आक्रामक सङ्घर्ष जारी राख्ने र आत्मरक्षाका लागि आणविक प्रतिरोध क्षमतालाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरे। किमले उत्तर कोरिया अब आणविक निशस्त्रीकरणको दिशामा कहिल्यै नफर्कने जिकिर गर्दै अमेरिका र दक्षिण कोरियालाई कडा चेतावनी समेत दिएका छन् । सम्बोधनका क्रममा किमले अमेरिकाले इरानमाथि गरेको सैन्य कारबाहीलाई 'राज्य आतङ्कवाद' को संज्ञा दिँदै विश्वव्यापी शक्ति प्रदर्शन गर्ने अमेरिकी प्रवृत्तिको आलोचना गरे। उनले दक्षिण कोरियालाई 'सबैभन्दा शत्रु राष्ट्र' घोषणा गर्दै छिमेकी मुलुकसँगको सम्बन्धलाई पूर्ण रूपमा अस्वीकार र बेवास्ता गरिने बताए। दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले बिना पूर्वशर्त वार्ताका लागि गरेको प्रस्तावलाई प्योङयाङले लगातार बेवास्ता गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय प्रतिबन्ध र कूटनीतिक दबाबका बाबजुद उत्तर कोरियाले उन्नत प्रक्षेपण प्रणाली र ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र विकास गरिसकेको अनुमान छ। विश्लेषकहरूका अनुसार इरान र भेनेजुएलाका हालैका घटनाक्रमले उत्तर कोरियालाई आफ्नो आणविक कार्यक्रम अझ तीव्र पार्न प्रेरित गरेको देखिन्छ ।

# 'धुरन्धर २'को रफ्तार कायमै, ५ दिनमै ८०० करोड कमाउँदै 'छावा' र 'पीके'को रेकर्ड तोड्यो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १० चैत्र



अभिनेता रणवीर सिंहको फिल्म 'धुरन्धर : द रिभेन्ज' (धुरन्धर २) ले भारतीय बक्स अफिसमा आक्रामक व्यापार गरिरहेको छ । प्रदर्शनको पाँचौं दिन अर्थात् सोमबार पनि फिल्मले आफ्नो पकड बलियो बनाउँदै भारतमा मात्रै ६५ करोड (भारु)को कलेक्सन गरेको छ ।

भारतीय सञ्चार माध्यमका अनुसार फिल्मले विश्वभर ८०० करोडको आँकडा पार गरिसकेको छ । फिल्मले अहिलेसम्म विक्की कौशलको 'छावा' र आमिर खानको 'पीके' जस्ता ठूला फिल्महरूको लाइफटाइम कलेक्सन (कुल कमाइ) लाई समेत उछिनेको छ । पाँच दिनको अन्त्यसम्ममा फिल्मको भारतमा कुल नेट कलेक्सन ५१९.१२ करोड भारु पुगेको छ भने ग्रस कलेक्सन ६१९.७६ करोड भारु भएको छ । वैदेशिक बजार (ओभरसीज) बाट फिल्मले २१० करोड भारु सङ्कलन गरेको छ। यससँगै फिल्मको कुल वर्ल्डवाइड ग्रस कलेक्सन ८२९.७६ करोड भारु पुगेको छ । ५ दिनको कमाइको तथ्याङ्क हेर्दा यो फिल्म भारतीय सिनेमा इतिहासमै दोस्रो स्थानमा छ ।

यसभन्दा अगाडि 'पुष्पा २' मात्र रहेको छ । जसले ५ दिनमा ८८१.२६ करोड भारु कमाएको थियो ।

# नेप्से परिसूचक २९६० को बिन्दुमा, झण्डै १५ अर्बको कारोबार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १० चैत्र



यो साताको तेस्रो कारोबार दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा वृद्धि भएर बजारमा सकारात्मक उत्साह देखिएको छ ।

आज नेप्से परिसूचक २३.८३ अङ्कले बढेर २,९६०.४० को बिन्दुमा पुगेको छ । दिनभर कुल ३४१ कम्पनीको ३ करोड ५८ लाख २२ हजार १९१ कित्ता सेयर १ लाख २६ हजार ९४७ पटक खरिद-बिक्री हुँदा १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार ६४३ रुपैयाँ बराबरको ठूलो कारोबार भएको नेप्सेले जनाएको छ । आजको बजारमा व्यापार समूहको उपसूचकमा ९.१२ प्रतिशतको उछाल आएको छ भने विकास बैंक, जलविद्युत्, बैङ्किङ, वित्त, लगानी, र उत्पादन तथा प्रशोधन समूहमा पनि सुधार देखिएको छ। यद्यपि जीवन बीमा, निर्जीवन बीमा, लघुवित्त र अन्य समूहका उपसूचकमा भने सामान्य गिरावट आएको छ । विशेषगरी सलपा विकास बैंक र रिलायन्स स्पिनिङ मिल्सको सेयर मूल्यमा सकारात्मक सर्किट लागेर लगानीकर्ताले उल्लेख्य नाफा कमाएका छन् भने फर्स्ट माइक्रोफाइनान्स लघुवित्तका सेयरधनीले सबैभन्दा धेरै ६.५६ प्रतिशत गुमाउनु परेको छ । कारोबार रकमका आधारमा रादी विद्युत् कम्पनी ६७ करोड ४३ लाख रुपैयाँभन्दा बढीको खरिद-बिक्रीसहित अग्रस्थानमा रहेको छ । त्यस्तै सेयर सङ्ख्याका हिसाबले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (HIDCL) को संस्थापक सेयर सबैभन्दा धेरै २० लाख २७ हजार कित्ताभन्दा बढी किनबेच भएको छ ।

# पुलिसको जितमा दिनेशको अलराउन्ड प्रदर्शन, चलेन एपीएफको ब्याटिङ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १० चैत्र



नेपाल पुलिस क्लबले पीएम कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा पहिलो जित हात पार्‍यो । पुलिसले अर्को विभागीय टोली एपीएफमाथि १८५ रनको एकपक्षीय जित हासिल गरेको हो ।

टस हारेर पहिले ब्याटिङ गरेको पुलिसले कीर्तिमानी योगफल खडा गर्दै ३५५ रनको विशाल स्कोर बनाएको थियो । पीएम कपकै सर्वाधिक योगफल बनाउने क्रममा पुलिसका चार ब्याटरले अर्धशतक समेत बनाए । जवाफी ब्याटिङमा एपीएफ सुरुवातदेखि नै दबाबमा परेको थियो । कुनैपनि समय एपीएफले खेलमा पकड जमाउन सकेन र 'विभागीय डर्बी' खेलमा फराकिलो अन्तरको हार बेहोर्न बाध्य भयो ।

पुलिसको जितमा दिनेश खरेलले अलराउन्ड प्रदर्शन गरे । ब्याटिङमा ६० रन बनाएका दिनेशले बलिङमा २ विकेट लिए, जसमध्ये एक विकेट विपक्षी कप्तान रोहित पौडेलको थियो । यस्तै फिल्डिङमा ३ क्याच समेत लिए । तीनवटै पक्षमा योगदान दिएका उनको यही प्रदर्शनका कारण 'प्लेयर अफ द म्याच' समेत घोषित भए ।

एनपीएलको पहिलो संस्करणपछि चर्चामा आएका दिनेशले पीएम कप पहिलोपटक खेलिरहेका हुन् ।






# बालेन वर्चस्वः पार्टी र सत्ताको संकट

-देशको राजनीतिक इतिहासमा पछिल्लो निर्वाचनले सबै प्रकारका मानकमा रेकर्ड बनाएको छ। यो निर्वाचनले पुराना नालायक शासकहरूलाई सम्पूर्ण रूपले तिरस्कार गर्दै बालेन शैलीलाई अनुमोदन गरेको छ। थोत्रा भूतपूर्व शासकहरूलाई रोक्न सक्ने एक मात्र 'मसिहा' का रूपमा बालेनलाई ताज भिराइदिएको मान्न सकिन्छ। शासन सञ्चालन र जनआकांक्षा सम्बोधन गर्नका लागि मतदातामा समस्या हुँदैन, बरु 'टाउको गनेर' निर्णय गर्ने अवैज्ञानिक विधिमा हुन्छ।

जब विधि नै तर्कसंगत र वैज्ञानिक हुँदैन, तब नतिजा र्‍यान्डम, अतार्किक र पपुलिस्ट बन्नु त छँदै छ। बहुमतले सधैं 'सही/गलत' वा 'राम्रो/नराम्रो' निर्धारण गर्न सक्दैन। पपुलिजम, भीडतन्त्र र अल्पसंख्यक दमनलाई उद्वेलित गर्ने सिलसिलालाई (अ)सामाजिक सञ्जालले सबैभन्दा भद्दा बानी, आदत र शासकीय प्रवृत्ति बनाइरहन्छ भन्ने सन्दर्भका लागि अमेरिका नै अब्बल उदाहरण बनिरहेको छ। नजिकमा हेर्नुपरे भारत पनि उदाहरण हो, जहाँ भारतीय लोकतन्त्रले मोदीलाई शिरमा राखेकै छ। बालेनको निकट विगत शैली, स्वभाव र प्रतिक्रिया जति 'पब्लिक डोमेन' मा छन्, त्यसकै आधारमा समेत आममानिसमा मतदान रुझान जत्तिकै बलिया आशंका छैनन् भन्न सक्ने अवस्था छैन। त्यसमाथि रास्वपाकै संघीय लोकतान्त्रिक गणतन्त्र र उदार लोकतन्त्रको बृहत्तर दायराबारेको अस्पष्टताले समेत गम्भीर शंका गर्ने ठाउँ छोडिदिएकै छ।ऐतिहासिक शासकीय अस्थिरता, अविकास, कुशासन र शासकीय दम्भका विरुद्ध मतदाताले चामत्कारिक मत विद्रोहको शंखनादको शक्ति प्रदर्शन गरेका छन्। भदौरै विद्रोहको जगमा त्यसको एक मात्र लाभग्राही रास्वपा र विशेषगरी बालेनको चेहरा बन्न पुग्यो। यो राजनीतिक विकासक्रमले नेपाली राजनीतिमा बालेन फ्याक्टरको वर्चस्वको उदय भएको छ। दलीय व्यवस्थापनको दुरुह अवस्थालाई बदल्न सफल भएमा उनी नेतृत्वको सरकार असफल हुने खतरा खासै छैन।

तर नेपालको शासकीय कुशासनको मुख्य तत्त्व नै दलीय अव्यवस्था र व्यक्तित्व अहंले निम्त्याउने डरलाग्दो भविष्यको आकलनबाट बालेन प्रधानमन्त्रीका रूपमा सबैभन्दा बढी पीडित हुनुपर्ने देखिनु अन्यथा होइन। यसखाले बुझिने गरी संकेतका बाछिटाहरू मतपरिणामको अभूतपूर्व रुझानकै बीचबाट सुरु भइसकेको छ। यस्तो आशंकालाई अहिले देवत्वकरण गरिरहेको त्यही सामाजिक सञ्जालको कोलाहलले नै अधिकतम योगदान गर्ने यथार्थलाई कसैले पनि पन्छाउन सक्दैन। समाजशास्त्री सुधिन्द्र शर्माले कतै भनेका छन्, 'यस्तो लोकप्रियता भत्कन कुनै क्षण कुरिरहन पर्दैन।' बालेनको निकट विगत शैली, स्वभाव र प्रतिक्रिया जति 'पब्लिक डोमेन' मा छन्, त्यसकै आधारमा समेत आममानिसमा मतदान रुझान जत्तिकै बलिया आशंका छैनन् भन्न सक्ने अवस्था छैन।



त्यसमाथि रास्वपाकै संघीय लोकतान्त्रिक गणतन्त्र र उदार लोकतन्त्रको बृहत्तर दायराबारेको अस्पष्टताले समेत गम्भीर शंका गर्ने ठाउँ छोडिदिएकै छ। यही बिन्दुमा प्राप्त अकल्पनीय मानिएको प्रचण्ड बहुमतले उत्पादन गर्ने राजनीतिक हर्मोनको उत्पातले स्वतन्त्रता खुम्चिने पनि उत्तिकै खतरा रहन सक्छ।

यद्यपि सरकार नबन्दै यसखाले शंका गरिनु हतारो हुन सक्छ। तर पनि बृहत्तर र वैश्विक सन्दर्भमा तथा ऐतिहासिक कालखण्डमा बहुमतावादी वर्चस्वको जुवामुनि नागरिक अधिकारहरू कुल्चिएका दृष्टान्तले वैश्विक रूपमै उदार तथा 'कम्प्रिहेन्सिभ' लोकतन्त्रमाथि डरलाग्दा परिणामहरू दिइरहेको अवस्था छ। त्यसमाथि नेपालकै बारेमा अधिक चर्चा भएको भूराजनीतिक जोखिम साँच्चिकै बालेन सरकारको उद्घाटन हुँदै गर्दा उही ढोकामा खडा हुन आइपुगेको छ। यी दुबै खाले खतरा र रुझानले गर्ने पहिलो प्रहार नै नागरिक स्वतन्त्रामाथि हो। यसखाले अधारभूत चुनौतीलाई कुनै पनि अर्थमा अवमूल्यन गर्न मिल्दैन। लोकतन्त्रलाई 'जनताको, जनताद्वारा, जनताका लागि' शासन भनिए पनि आजको विश्वमा यो प्रणालीले नै गम्भीर संकट निम्त्याइरहेको छ।

हाम्रो ताजा निर्वाचनमा देखिएको नालायकीप्रतिको मत विस्फोटसम्म आइपुग्ने परिघटनाको जननी अमेरिकामा ट्रम्पको उदययताको एक दशक लामो कालखण्डको गज्जब प्रयोग बन्न पुगेको छ। जब हामी भन्छौं, 'खास समस्या मतदाताको होइन, हाम्रो परीक्षण विधिको हो।' प्लेटोले 'द रिपब्लिक' मा दिएको सारजस्तै 'लोकतन्त्रमा अत्यधिक स्वतन्त्रता अत्यधिक दासत्वमा परिणत हुन्छ' भन्ने चेतावनीलाई नै हामीले रुचाउन थालेको त होइन ? प्लेटोको निहितार्थ थियो बहुमतले सधैं ज्ञान र सद्‌गुणको प्रतिनिधित्व गर्दैन, बरु भावना र स्वार्थबाट निर्देशित गर्छ।

**सांभार : कान्तिपुर।**





## मोटरसाइकल हरायो

मिति २०८२।१०।२६ गतेको दिन सिरहा जिल्ला गा.वि.स. सिकरोन हाल मिर्चैया न.पा. वडा नं. १२ सिकरोन टोलबाट पल्सर १५० ब्लेक/ब्लु रंगको दर्ता नं. लु.प्र.-01-012 प. 5593, चेचिस नं. MD2A11CY4SPH83895, इन्जिन नं. DHXPSH53869 भएको मोटरसाईकल रातिको समयमा हराएकोले फेला पार्ने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा जानकारी गराई दिनु हुन अनुरोध छ।








प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday